(ख) आ.व. २०८०/०८१ को दोस्रो त्रयमासमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु, बैंक तथा वित्तीय संस्थाका अध्यक्ष, संचालक र प्रमुख कार्यकारी अधिकृतलाई सम्पत्ति शुद्धीकरण (Anti-Money Laundering) सम्बन्धी ऐन र निर्देशनको उल्लघंन गरेकोमा नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागबाट गरिएको कारवाही ।

क्र.सं	बैंक तथा वित्तीय संस्थाको नाम	पटक आ.व. २०८०/०८१	कारवाही/जरिबाना
१.	मुक्तिनाथ विकास बैंक लिमिटेड	प्रथम	यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. १९/२०८० को बुंदा नं.५(१) बमोजिम वास्तविक धनी पहिचान गर्ने संयन्त्रको स्थापना नभएको तथा सोही निर्देशनको बुंदा नं. १४(१) बमोजिम निरन्तर अनुगमन (Ongoing Due Diligence) गर्नुपर्ने निर्देशन उल्लंघन गरेकाले एकीकृत निर्देशन २०८० मा व्यवस्था भए अनुसार रु.१० लाख नगद जरिबाना गराईएको ।
२.	गरिमा विकास बैंक लिमिटेड	प्रथम	गरिमा विकास बैंकका सञ्चालक डा.आनन्द प्रसाद श्रेष्ठ र अन्य व्यक्ति समेतको नाममा सञ्चालनमा रहेको संयुक्त खातामा बिमा कम्पनी खोल्ने उद्देश्यले सर्वसाधारण तथा वित्तीय संस्थाका संस्थापक समेतबाट आवेदन रकम संकलन गर्ने कार्य भएको तथा सो खाताबाट विभिन्न चरणमा खर्च भएको अवस्थामा पनि ती कारोबारहरुको अनुगमन नभएको देखिएकोले संस्थाको संस्थागत सुशासन र संचालकको आचरण कार्यान्वयनको अवस्था समेत कमजोर देखिएकोले संचालक डा.आनन्द प्रसाद श्रेष्ठलाई नेपाल राष्ट्र बैंक, २०५८ को दफा १०० को उपदफा २ (क) बमोजिम सचेत गराईएको । साथै, उक्त कारोबारको पर्याप्त अनुगमन नभएकोले नेपाल राष्ट्र बैंक, २०५८ को दफा १०० को उपदफा २ (क) बमोजिम संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराईएको ।
३.	रिलायन्स फाइनान्स लिमिटेड	प्रथम	रिलायन्स फाइनान्सका सञ्चालक कुशप्रसाद मल्ली तथा अन्य व्यक्तिहरुको संयुक्त खाता र निजको व्यक्तिगत खातामा निजको व्यवसायिक कारोबारहरु भएको, खाताको CDD नियमित रुपमा अद्यावधिक समेत नभएकोले संस्थाको संस्थागत र सञ्चालकको आचरण कार्यान्वयनको अवस्था समेत कमजोर देखिएको हुनाले सञ्चालक कुशप्रसाद मल्लीलाई नेपाल राष्ट्र बैंक, २०५८ को दफा १०० को उपदफा २ (क) बमोजिम सचेत गराईएको । साथै, उक्त कारोबारको पर्याप्त अनुगमन नभएकोले नेपाल राष्ट्र बैंक, २०५८ को दफा १०० को उपदफा २ (क) बमोजिम संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराईएको ।

***